# AGRICULTURE AND FORESTRY UNIVERSITY
# CURRICULUM DEVELOPMENT CENTRE
RAMPUR, CHITWAN, NEPAL

## APPLICATION FOR EQUIVALENCE CERTIFICATE

Name: ______ ______ ______
*First Name* *Middle Name* *Last Name*

देवनागरीमा ______ ______ ______
*First Name* *Middle Name* *Last Name*

Date of Birth: ______ ______ ______ ______
*in BS* *MM* *DD* *YY* *in AD (mm/dd/yy)*

Permanent Address

PROVINCE ______
DISTRICT ______
MUNICIPALITY ______
WARD NUMBER ______
TOWN/VILLAGE/TOLE ______

Contact ______ ______
**Mobile/Phone** **Email**

**ACADEMIC DETAILS**

Name of University ______

Name of Institute/College ______ Country ______

Degree Title ______

Subject ______ Level ______

Entry Requirement ______ Duration of study ______ ______
*Years* *Months*

Admission Year (AD) ______ Passed Year (AD) ______

Equivalent Degree Award You Want ______

IMPORTANT NOTES

1. Upload a single (merged) PDF file containing all the documents in chronological order as listed below in an email attachment. File size should not exceed 5 MB.
2. All the documents submitted should be scanned from original documents not their copies.
3. Processing fee for equivalence should be paid via bank deposit and the deposit voucher should be attached with academic documents separately.
4. You can submit the application and the documents directly to CDC, AFU, Rampur or email to **cdc@afu.edu.np**.

Signature ______ Date of Application ______
*in AD*

कृषि तथा वनविज्ञान विश्वविद्यालय

# पाठ्यक्रम विकास केन्द्र

रामपुर, चितवन, नेपाल

फोन: ०५६ ५९१६५५, ५९१७७७

Website: http://afu.edu.np/curriculum-development-center

मितिः २०७८ मंसिर २० गते

## उपाधीको समकक्षता प्रमाणपत्रका लागि दिईने निवेदन सम्बन्धी महत्वपूर्ण जानकारीहरु

**१.** उपाधिको समकक्षता निर्धारण प्रमाणपत्रका लागि तोकिएको ढाँचाको निवेदन यस विश्वविद्यालयको बेबसाईट www.afu.edu.np मा रहेको पाठ्यक्रम विकास केन्द्रको पेजमा गई download गर्न सकिनेछ वा यस केन्द्रको शाखामा सम्पर्क गरि निःशुल्क प्राप्त गर्न सकिनेछ ।

**२.** रीतपूर्वक तयार गरिएको निवेदन साथ तोकिएको आवश्यक कागजातहरु तथा आवेदन शुल्क तिरेको रसिद संलग्न गरि electronic रुपमा ईमेल (cdc@afu.edu.np) मार्फत वा विश्वविद्यालयको केन्द्रिय भवनमा रहेको पाठ्यक्रम विकास केन्द्रको कार्यालयमा hard/printed रुपमा बुझाउन सकिनेछ ।

**३.** निवेदन फारम आवेदकले आफ्नो Personal Info अन्तरगत Full Name र Address लगायतका विवरण शैक्षिक प्रमाणपत्रहरुमा उल्लेख भए अनुसार नै प्रविष्ट गर्नुपर्नेछ । साथै, आफ्नो आधिकारिक ठेगानालाई नै उल्लेख गर्नुपर्छ । आवेदकले आफुले अध्ययन गरेको विश्वविद्यालय र पढेको विषय प्रष्टसँग खुलाएर उल्लेख गर्नु पर्नेछ ।

**४.** आवेदन साथ आवश्यक कागजातहरुको बिबरण निम्न अनुसार उल्लेख भए बमोजिम समावेश गर्नु पर्नेछ । जुन तहको शैक्षिक प्रमाणपत्रको समकक्षता गराउनु पर्ने हो, सो तहको शैक्षिक प्रमाणपत्रहरु र सो तहभन्दा तल्लो तहको शैक्षिक प्रमाणपत्र र ट्रान्स्क्रिप्ट पनि स्क्यान गरी समावेश गर्नुपर्नेछ । तल्लो तहको शैक्षिक प्रमाणपत्र राष्ट्रिय परीक्षा बोर्ड र कृ.व.वि. बाहेक नेपालभित्र र विदेशी अन्य शैक्षिक संस्थाबाट अध्ययन गरेको भएमा सोको समेत समकक्षता गराएर प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

### नियमित समकक्षता स्तर निर्धारण गर्दा आवश्यक शर्त तथा कागजातहरुः

1. समकक्षता गराउन चाहेको तह र सोभन्दा एक तह मुनिको मुल प्रमाणपत्रको प्रतिलिपी अनिवार्य समावेश हुनुपर्नेछ ।
2. मुल प्रमाणपत्र प्राप्त नभएको अवस्थामा अस्थायी प्रमाणपत्र आफू उर्तीर्ण गरेको मिति वा सालबाट पाँच वर्ष मान्य अवधि हुनेछ । प्रोभिजनल प्रमाणपत्रको जारी मिति पछि भए पनि पास भएको सालबाट नै मान्य अवधि गणना गरिनेछ ।
3. विश्वविद्यालय वा मान्य शिक्षण संस्थाबाट जारी भएका लब्धाङ्कपत्र/ट्रान्सक्रिप्टको फोटोकपी
4. चारित्रिक प्रमाणपत्र
5. नेपाली र अंग्रेजी भाषाबाहेक अन्य भाषामा रहेको प्रमाणपत्र र सम्बन्धित अन्य कागजात अंग्रेजी भाषामा अनुवाद गर्नुपर्ने
6. कृ.व.वि. बाहेक अन्य विश्वविद्यालयको हकमा तल्लो तहको स्तर निर्धारण भएको कागजात
7. भारत बाहेक अरु देशमा अध्ययन गरेको हकमा पासपोर्ट र भिसा अनिवार्य

**नयाँ विश्वविद्यालय र नयाँ विषयको समकक्षता स्तर निर्धारणको प्रकृया गर्दा आवश्यक शर्त तथा कागजातहरुः**

1. समकक्षता गराउन चाहेको तह र सोभन्दा एक तह मुनिको मुल प्रमाणपत्रको प्रतिलिपी अनिवार्य समावेश हुनुपर्नेछ ।
2. मुल प्रमाणपत्र प्राप्त नभएको अवस्थामा अस्थायी प्रमाणपत्र आफू उर्तीर्ण गरेको मिति वा सालबाट पाँच वर्ष मान्य अवधि हुनेछ । प्रोभिजनल प्रमाणपत्रको जारी मिति पछि भए पनि पास भएको सालबाट नै मान्य अवधि गणना गरिनेछ ।
3. विश्वविद्यालय वा मान्य शिक्षण संस्थाबाट जारी भएका लब्धाङ्कपत्र/ट्रान्सक्रिप्टको फोटोकपी
4. चारित्रिक प्रमाणपत्र
5. नेपाली र अंग्रेजी भाषाबाहेक अन्य भाषामा रहेको प्रमाणपत्र र सम्बन्धित अन्य कागजात अंग्रेजी भाषामा अनुवाद गर्नुपर्ने
6. कृ.व.वि. बाहेक अन्य विश्वविद्यालयको हकमा तल्लो तहको स्तर निर्धारण भएको कागजात
7. भारत बाहेक अरु देशमा अध्ययन गरेको हकमा पासपोर्ट र भिसा अनिवार्य
8. आफूले अध्ययन गरेको तहको पूर्ण पाठ्यक्रम (Syllabus)
9. थेसिस/अनुसंधान कार्यको प्रतिवेदन/रिसर्च पेपर/प्रोजेक्ट वर्क
10. विश्वविद्यालयको प्रोस्पेक्टस
11. विश्वविद्यालय अनुदान आयोग वा उच्च शिक्षा परिषद्को सम्बन्धन भएको प्रमाण

**५. आवेदन शुल्क र प्रकृया:**

(क) नियमित समकक्षताः

विगतमा यस केन्द्रबाट समकक्षता प्रदान गरिसकेको सम्बन्धित विश्वविद्यालय र शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा रु. १५००/– (अक्षरेपी एक हजार पाँच सय मात्र) लिएर समकक्षताको पत्र प्रदान गरिनेछ ।

(ख) प्रक्रियागत समकक्षताः

विगतमा यस केन्द्रबाट समकक्षता प्रदान नगरेका विश्वविद्यालय र शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा रु. ४०००/– (अक्षरेपी चार हजार मात्र) आवेदन शुल्क तिरेर पेश भएको आवेदन र तोकेबमोजिमका कागजात बुझी रायका लागि सम्बन्धित डीनको कार्यालयमा पठाइने र सम्बन्धित डीनको कार्यालयबाट प्राप्त सकारात्मक रायसहितको प्रस्ताव उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको बैठकमा निर्णय गरी समकक्षता प्रदान गरिनेछ ।

(ग) आवेदन शुल्क निम्न अनुसारको बैंक खातामा दाखिला गरेको बैंक भाउचर वा कार्यालयको लेखा शाखामा जम्मा गरि प्राप्त नगदि रसिदलाई आवेदन साथ संलग्न गरि बुझाउनु पर्नेछ ।

खाताको नामः कृषि तथा वनविज्ञान विश्वविद्यालय

बैंकको नामः नेपाल बैंक लिमिटेड, नारायणगढ शाखा

खाता नं.: ०८५००१०६४२०८३१००००१

६. रीतपूर्वक भरिएको निवेदन, दस्तुर बुझाएको भौचर तथा तोकिएका प्रमाणपत्रको फाईललाई **cdc@afu.edu.np** मा ईमेल गरि पठाउन सकिनेछ वा कार्यालयमा आई भौतिक रुपमा बुझाउन सकिनेछ ।

ईमेल मार्फत निवेदन र कागजातहरु पेश गर्दा सक्कलै प्रमाणपत्रहरु एवम् कागजात स्क्यान गरेर अपलोड गर्नु पर्नेछ । फोटोकपिलाई स्क्यान गरि पेश गरेको कागजात मान्य हुनेछैन् । तर यस प्रयोजनका लागि कुनै पनि कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई रहनु पर्दैन । सक्कल बमोजिम नक्कल ठिक छ भनेर लेख्नु पनि पर्दैन । ईमेल मार्फत निवेदन पठाउदा आवेदकले माथि तोकिए बमोजिमका आफुले प्राप्त गरेका सबै प्रमाणपत्रहरु र कागजातहरुलाई सिलसिलेवार तवरले राखी एउटै PDF (बढिमा 5 MB) फायल तयार गरि अपलोड गर्नु पर्नेछ । रीतपूर्वक भरिएको निवेदन, दस्तुर बुझाएको भौचर तथा तोकिएका प्रमाणपत्रहरुको छुट्टाछुट्टै तीन डकुमेन्ट फाईलहरुलाई **cdc@afu.edu.np** मा ईमेल गरि पठाउन सकिनेछ ।

वा

यस विश्वविद्यालयको केन्द्रिय कार्यालयमा रहेको यस केन्द्रको शाखामा निवेदन साथ उपरोक्त सबै तोकिएका कागजातहरुको फोटोकापी (प्रतिलिपी) र शुल्क बुझाएको सक्कल रसिद / बैंक भौचर पेश गर्नुपर्नेछ । यसरी बुझाउने कागजातहरुको प्रतिलिपी (फोटोकपि) हरुमा "सक्कल बमोजिम नक्कल ठिक छ" लेखि निवेदकले दस्तखत गरि पेश गरेको हुनु पर्नेछ ।

यस सम्बन्धि थप जानकारीको लागि http://afu.edu.np/curriculum-development-center मा क्लिक गरि हेर्न सकिनेछ वा cdc@afu.edu.np मा ईमेल गरि सम्पर्क गर्न सकिनेछ ।